**"मीठे बच्चे– अविनाशी सर्जन सँग केही पनि लुकाउनु हुँदैन, अवज्ञा भयो भने क्षमा माग्नु पर्छ, नत्र बोझ चढ्दै जान्छ, निन्दक बन्न पुग्छौ।"**

**प्रश्न:–** सच्चा कमाईको आधार के हो? उन्नतिमा विघ्न किन पर्छ?

**उत्तर:–** सच्चा कमाईको आधार पढाइ हो। यदि पढाइ ठीक छैन भने सच्चा कमाई गर्न सक्दैनौ। उन्नतिमा विघ्न तब नै पर्छ, जब सङ्ग ठीक हुँदैन। भनिन्छ पनि– सङ्गले तार्छ कुसङ्गले डुबाउँछ। सङ्ग खराब भयो भने पढ्दैनन्, फेल हुन्छन्। सङ्गले नै एक-अर्कालाई रसातलमा पुऱ्याइदिन्छ, त्यसैले सङ्गदोषबाट तिमी बच्चाहरूले धेरै सम्हाल गर्नु पर्छ।

**गीत:–** तू प्यार का सागर है...

**ओम् शान्ति।** बेहदका बाबाको महिमा बच्चाहरूले गर्छन्। यो हो भक्तिमार्गको महिमा। तिमी सपूत बच्चाहरूले अहिले सम्मुखमा बाबाको महिमा गर्छौ। सम्झन्छौ– बेहदका बाबा आएर हामीलाई ज्ञान दिई स्वर्गको मालिक बनाइरहनु भएको छ किनकि ज्ञानका सागर उहाँ नै हुनु हुन्छ। ईश्वरमा ज्ञान छ। त्यसलाई भनिन्छ ईश्वरीय ज्ञान। परमपिता परमात्मा ज्ञान दिनेवाला हुनु हुन्छ। कसलाई? बच्चाहरूलाई। जसरी तिम्रो मम्मालाई विद्याकी देवी (गडेज अफ नलेज) नाम राखिएको छ। त्यसैले जब जगत् अम्बा विद्याकी देवी हुन् भने उनका बच्चाहरूमा पनि त्यही ज्ञान हुनु पर्छ। विद्याकी देवी सरस्वतीलाई भगवानले ज्ञान दिनु हुन्छ। तर कसद्वारा दिनु हुन्छ? यो धेरै बुझ्नु पर्ने कुरा छ। दुनियाँलाई थाहा छैन– जगत् अम्बा को हुन्? यो त बच्चाहरूलाई थाहा छ– जगत् अम्बा त एक नै हुनु पर्छ। नाम धेरै राखिदिएका छन्। मनुष्यहरू त यो जान्दैनन् कि यिनी प्रजापिता ब्रह्माको मुख वंशावली सरस्वती हुन्। उनलाई ज्ञान दिनेवाला परमपिता परमात्मा हुनु हुन्छ। सृष्टि चक्र कसरी घुम्छ– यो ज्ञान परमपिताले दिनु हुन्छ। बाबाले ज्ञान दिनुभयो बच्चाहरूलाई। सरस्वतीलाई कसरी मिल्यो? अवश्य प्रजापिता ब्रह्माको मुख वंशावली हुन् भने परमपिता परमात्मा जो ज्ञानका सागर हुनु हुन्छ, उहाँले यस मुखद्वारा सरस्वतीलाई ज्ञान दिनु भएको हुनु पर्छ। त्यही ज्ञान फेरि अरूलाई पनि दिनु भएको होला। गड फादरले पढाउनु हुन्छ भने अवश्य परमपिता परमात्माका बच्चाहरू मास्टर भगवान् भए नि। त्यसैले नाम राखिएको छ विद्याकी देवी (गडेज अफ नलेज)। बच्चाहरूलाई थाहा छ– हामी अनि हाम्री मम्माले ज्ञान लिइरहेका छौं ज्ञान सागरद्वारा, जसलाई नै गीताका भगवान् भनिन्छ। भगवान् त एक हुनु हुन्छ। कुनै देवता वा मनुष्य भगवान् हुन सक्दैन। अब विद्याकी देवी (गडेज अफ नलेज) हुन् भने कुनचाहिँ ज्ञान होला त? राजयोगको। यस सहज राजयोगको ज्ञानले गडेज अफ नलेज सरस्वती नै फेरि गडेज अफ लक्ष्मी बन्छिन्। गडेज अफ नलेजको महिमा त अवश्य बच्चाहरूको पनि हो। प्रजापिताका सबै सन्तान ठहरिए। मम्माका सन्तान भनिन्न। यी प्रजापिता ब्रह्माको मुख कमलद्वारा रचिएका सन्तान हुन्। तिमी सबै ईश्वरीय सन्तान निश्चय गर्छौ। ईश्वर पिता भन्नुहुन्छ– म बच्चाहरूको नै सम्मुख हुन्छु। उनीहरूले नै मलाई चिन्दछन्। जगत् अम्बा हुन् गडेज अफ नलेज। यो सहज राजयोगको ज्ञान हो, नकि शास्त्रहरूको। गडले यिनलाई नलेज दिनुभयो र यिनी गडेज कहलाइन्। जगत् अम्बा त माता ठहरिन्। फेरि अर्को

जन्ममा गडेज अफ वेल्थ (धनकी देवी), लक्ष्मी बन्छिन्, जस सँग मनुष्यहरू भिक्षा माग्छन्। त्यसैले सिद्ध भयो बाबाद्वारा जगत् अम्बालाई राजयोगको वर्सा मिल्छ। उनलाई गडेज अफ नलेज भनिन्छ। ज्ञान कमाईको स्रोत हो। यो हो सच्चा कमाई जुन सच्चा बाबाद्वारा मिल्छ। तिमी अब नम्बरवार पुरुषार्थ अनुसार सच्चा कमाई गरिरहेका छौ। यदि पढाइ पढ्दैनौ भने सच्चा कमाई हुँदैन। सङ्ग ठीक छैन भने पढ्न सक्दैनौ, उन्नति हुँदैन। सङ्गले तार्छ कुसङ्गले डुबाउँछ। सङ्ग खराब छ, पढ्दैनौ भने फेल भएर पछाडि बसिरहनेछौ। टिचरले जान्दछन्– यसको के कारण हो। पिताले जान्दैनन्। हो, यति त पिताले अवश्य सम्झन्छन्– पढाइ कम पढेछ, अवश्य खराब सङ्ग छ जसको कारण फेल हुन्छ। मानौं आपसमा प्रेम छ, दुवैले पढ्दैनन् भने एक-अर्कालाई रसातलमा पुऱ्याइदिन्छन्। पिताले सम्झन्छन्– यिनीहरूले पढ्दैनन्, यिनलाई अलग गरिदिनु पर्छ। पढाइ विना मनुष्यलाई बेसमझ भनिन्छ। पढ्छन् भने भनिन्छ समझदार। भगवानको मतमा चल्दैनन् भने भनिन्छ यो सौतेनी बच्चा हो। तर उनीहरूले अर्थ जान्दैनन्। तिमीलाई थाहा छ– कोही पढ्दैनन् भने फेरि पतित नै रहन पुग्छन्, फेल भएर भागन्ती हुन पुग्छन्। बाबा भन्नुहुन्छ– ओहो रावण, तिमी मेरो बच्चाहरूलाई पनि हप गरिदिन्छौ। कति शक्तिशाली छौ। बच्चाहरू शैतानको मतमा चल्न थाल्छन्। श्रीमतमा चल्दैनन्। आफू सँग प्रण गर्नु पर्छ– कदम-कदम हामी बाबाको मतमा चल्नेछौं। जो श्रीमतमा चल्दैनन् उनीहरूलाई आसुरी मतवाला भनिन्छ। बाबा बुझिहाल्नुहुन्छ– यसले त्यत्ति उच्च पद पाउन सक्दैन, कसैलाई सम्झाउन सक्दैन भने भनिन्छ रावणको अधीनमा छ। योग छैन जसबाट बुद्धि शुद्ध हुन सकोस्। बुद्धिको योग पनि चाहिन्छ। ईश्वरीय बच्चाहरूको चलन बडो रोयल (सभ्य) हुनु पर्छ। जन्म लिँदै होशियार राजा त कोही हुन सक्दैन। त्यसै कारण बाबा भन्नुहुन्छ– ५ विकाररूपी रावणमाथि विजय प्राप्त गर्नु पर्छ, श्रीमतमा। जो श्रीमतमा चल्दैनन् उनीहरूलाई बाबा भनिदिनु हुन्छ यिनीहरू आसुरी मतमा छन्। फेरि उनीहरूमा कोही ५ प्रतिशत श्रीमतमा चल्छन्, कोही १० प्रतिशत चल्छन्। त्यो पनि हिसाब छ।

जगत् अम्बा एउटै छिन्। जगत् अम्बा हुन् ब्रह्मा मुख वंशावली सरस्वती, यो उनको पूरा नाम हो। सरस्वतीलाई नै सितार दिइन्छ। यिनी हुन् गडेज अफ नलेज, अवश्य उनका सन्तान पनि होलान्। उनीहरूको पनि वाद्य साधन (तंबूरा) हुनु पर्छ। हेर, कल्पवृक्षमा यी सरस्वती बसेकी छन्, राजयोग सिकिरहेकी छन् फेरि यिनी गएर लक्ष्मी बन्छिन्, धन की देवी। यसमा हेल्थ, वेल्थ, हेपीनेस सबै आउँछ। यो त परमपिता परमात्मा बाहेक कसैले दिन सक्दैन। स्वर्गका रचयिता परमपिता उहाँ हुनु हुन्छ। अब हेर, मम्मा सेवा गरिरहेकी छिन्। मानौं, कहीँ मम्मालाई निमन्त्रण दिए भने पहिला मम्माको बारेमा जान्नु पर्ने हुन्छ। पहिला ज्ञान चाहिन्छ– यिनी को हुन्? दुनियाँले त जान्दैन। भन्छन् कृष्णलाई गाली मिल्यो। तर यो त हुन सक्दैन, असम्भव छ। सबै भन्दा धेरै गाली खाने त शिवबाबा हुनु हुन्छ, सेकेन्ड नम्बरमा गाली खानेवाला हुन् ब्रह्मा। कृष्ण र ब्रह्मा। तर कृष्णलाई गाली दिन सक्दैनन्। मनुष्यहरूलाई यो थाहा छैनकि सरस्वती गडेज अफ नलेज भविष्यमा राधे बन्छिन्। स्वयंवर पश्चात् लक्ष्मी बन्छिन्, गडेज अफ वेल्थ। त्यसमा हेल्थ, वेल्थ, हेप्पीनेस सबै आइहाल्छ। तिमीलाई सम्झाउने धेरै नशा चाहिन्छ। मम्मा को हुन्– यो सम्झाउनु पर्छ नि। यिनी हुन् सरस्वती, ब्रह्माकी छोरी मुख वंशावली। हिन्दूहरूले केही पनि

जान्दैनन्। ज्ञान नै छैन। अन्धश्रद्धा धेरै छ। अन्धविश्वासमा धेरै छन्। पूजा कसको गरिरहेको छु, यो पनि जान्दैनन्। क्रिश्चियनहरूले आफ्नो क्राइस्टलाई जान्दछन्। सिक्खहरूलाई थाहा छ– गुरुनानकले सिक्ख धर्म स्थापना गरे। आफ्नो धर्म स्थापकलाई जान्दछन्। केवल हिन्दूहरूले जानेका छैनन्। अन्धश्रद्धाले पूजा गरिरहन्छन्, उनको कर्तव्यको बारेमा केही पनि थाहा छैन। कल्पको आयु लामो गर्नाले केही पनि बुझ्दैनन्। इस्लाम, बुद्धिस्ट आदि पछि आएका हुन्। उनीहरूको अगाडि अवश्य यी देवताहरू थिए। उनीहरूको पनि यति समय होला। यति अरू सबै धर्महरूलाई आधाकल्प लाग्छ भने यस एक धर्मलाई पनि आधाकल्प दिनु पर्छ। लाखौ वर्ष त भन्न सकिदैन। तिमी जगत् अम्बाको मन्दिरमा गएर सम्झाउनेछौ– यी गडेज अफ नलेजलाई यो नलेज कसेले दियो? यस्तो त भनिदैन कृष्णले जगत् अम्बालाई नलेज दिए। तर यो पनि सम्झाउन उसले सक्छ जसको अभ्यास राम्रो छ। कसै-कसैलाई त देह-अभिमान धेरै हुन्छ। कोही न कोही मित्र सम्बन्धी आदि याद आइरहन्छ। बाबा भन्नुहुन्छ– अरूलाई याद गऱ्यौ भने मेरो याद भुल्नेछौ। तिमी गायन पनि गर्छौ– अरू सङ्ग तोडेर एक सङ्ग जोड्नेछौ। उहाँ त अब यहाँ बस्नु भएको छ। बाबा हामी हजुरका हौं, हजुरको मतमा चल्नेछौं। यस्तो कुनै कर्म गर्ने छैनौं जसले गर्दा नाम बदनाम होस्। धेरै बच्चाहरूले यस्ता प्रकारका काम गर्छन्, जसले नाम बदनाम हुन्छ। जबसम्म कसैले बुझ्दैनन् तबसम्म गाली गरिरहन्छन्। नाम पनि त प्रख्यात भएको छ। ओहो, प्रभु तिम्रो लीला गाइएको छ नि। तर बच्चाहरूले बुझ्न सक्छन्, अरू कसैले जान्दैनन्। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! म त निष्काम सेवा गर्छु। अपकारीहरू माथि पनि उपकार गर्छु। यस सृष्टिलाई सुनको चरा बनाउँछु। नम्बरवन उपकार गर्ने वाला हुँ। तर मनुष्यहरूले मलाई सर्वव्यापी भनी धेरै गाली दिन्छन्। म त तिमी बच्चाहरूलाई ज्ञान दिन्छु। त्यसैले यस ज्ञान यज्ञमा आसुरी सम्प्रदायको विघ्न धेरै पर्छ। बाबा त सम्झाउनु हुन्छ जो बच्चाहरूले राम्रो सँग बुझ्दैनन् उनीहरूको कारण नै विघ्न पर्छ। ग्लानि गराउँछन्। कति बच्चाहरूले त धेरै राम्रो सेवा गर्छन्, कतिले डिससर्विस पनि गर्छन्। एकातर्फ कतिले सिर्जना गर्छन् भने एकातर्फ फेरि विनाश पनि गर्छन् किनकि ज्ञान छैन। यो सूर्यवंशी, चन्द्रवंशी राजधानी स्थापना भइरहेको छ। जसले पूरा बुझेका छैनन् उनीहरूलाई सम्झाउनु छ। दया त लाग्छ नि। बाबाको बनेर फेरि वर्सा लिएन भने त्यो के कामको रह्यो। बाबा मिल्नु भएको छ, त्यसैले पूरा पुरुषार्थ गरेर वर्सा लिनु पर्छ, श्रीमतमा चल्नु पर्छ। यस्तो कर्तव्य गर्नु छैन जसले बाबाको ग्लानि होस्। बाबा जान्नुहुन्छ काम, क्रोध यी महाशत्रु हुन्। यिनीहरूले नाक-कानबाट समातिरहन्छन्। यो त हुन्छ। तिनीहरूबाट पार पाउनु छ। कोही त नाम-रूपमा फँस्छन्। सबै बच्चाहरू त एक समान हुँदैनन्। बाबाले फेरि पनि सावधान गराउनु हुन्छ– खबरदार रहनु! यस्तो अकर्तव्य कार्य गरेर यदि निन्दा गरायौ भने पद भ्रष्ट हुनेछौ। पहलवान सँग माया पनि पहलवान बनेर लड्छ। बाबालाई याद गर्दा-गर्दा मायाको तूफानले कता कता लैजान्छ। बच्चाहरू कसैले सत्य बताउँदैनन्। राय पनि लिदैनन्। अविनाशी सर्जन सँग केही पनि लुकाउनु हुँदैन। यदि बताउँदैनौ भने झनै गन्दा हुन पुग्छौ। यस्तो होइन, बाबा सर्वज्ञ हुनु हुन्छ, सबै बुझ्नुहुन्छ। होइन, तिमी जुन अवज्ञा गर्छौ त्यो आएर बताऊ– शिवबाबा मबाट यो भूल भएको छ, क्षमा चाहन्छु। क्षमा लिएनौ भने भूल भइरहन्छ अर्थात् आफ्नो शिरमा पाप चढाइरहन्छौ। बाबा त सम्झाउनु हुन्छ– कल्प-कल्पान्तरको

लागि आफ्नो पद भ्रष्ट नगर। यदि अहिले उच्च पद बनाएनौ भने कल्प-कल्पान्तर यस्तै हाल हुन्छ। यो नलेज हो। बाबा जान्नुहुन्छ– कल्प पहिला जस्तै राजाई स्थापना भइरहेको छ। बापदादा धेरै बुझ्न सक्नुहुन्छ। यिनी फेरि पनि मुरब्बी बच्चा हुन्। माताहरूको महिमा बढाउनु छ, माताहरूलाई अगाडि राखिन्छ। गोपहरूलाई सम्झाउनु हुन्छ माताहरूलाई अगाडि ल्याऊ। गोपहरूले पनि धेरै सेवा गर्न सक्छन्। चित्र लिएर सम्झाऊ– उच्च भन्दा उच्च उहाँ भगवान् हुनु हुन्छ। फेरि छन् त्रिमूर्ति– ब्रह्मा-विष्णु-शंकर। उनीहरूमा पनि उच्च को छन्, कसको नाम छ? सबैले भन्नेछन् प्रजापिता ब्रह्मा, जसद्वारा वर्सा मिल्छ। शंकर वा विष्णुलाई पिता भनिदैन। उनीहरूबाट कुनै वर्सा मिल्दैन। प्रजापिता ब्रह्मा उनलाई भनिन्छ। उनीबाट के वर्सा मिल्छ? ब्रह्मा हुन् शिवबाबाको बच्चा। शिवबाबा हुन् ज्ञानका सागर, स्वर्ग स्थापना गर्नेवाला। त्यसैले अवश्य स्वर्गको लागि शिक्षा मिल्छ। यो राजयोगको लागि मत हो। ब्रह्माद्वारा बाबाले श्रीमत दिनु हुन्छ। यो हो देवता बन्नको लागि। ब्रह्माकुमारी नै श्री लक्ष्मी गडेज अफ वेल्थ। उनीहरू ब्राह्मण, यिनीहरू देवी-देवता। निराकारी दुनियाँमा सबै आत्माहरू हुन्। बच्चाहरूलाई सम्झाउन त धेरै सम्झाउनु हुन्छ, तर कसैले मात्र सम्झन्छ। मनुष्यहरू त अन्ध-विश्वासले संन्यासी गुरुको अनुयायी बन्छन्। उनीहरूबाट के मिल्छ, यो पनि जान्दैनन्। टिचरले त फेरि पनि जान्दछन्, पद पाउँछन्। बाँकी जसको अनुयायी बन्छन् उनीहरूबाट के प्राप्ति हुन्छ, केही पनि जान्दैनन्। यो हो अन्धश्रद्धा, अनुयायी त हुँदै होइनन्। न उनीहरूले आफूजस्तो बनाउँछन् र न तिमी उनीहरूको जस्तो बन्न सक्छौ। लक्ष्य उद्देश्य के हो– केही पनि जानेका छैनन्। अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सार:–**

१) सङ्ग दोषबाट सदैव बचेर रहनु छ। सच्चा पढाइ पढेर सच्चा कमाईको स्टक जम्मा गर्नु छ।

२) कदम-कदममा बाबाको श्रीमतमा चल्ने छु– आफू सँग यो प्रण गर्नु छ।

**वरदान:– एकव्रताको राजलाई जानेर वरदातालाई राजी गर्ने सर्व सिद्धि स्वरूप भव**

वरदाता बाबाको पासमा अखुट वरदान छ। जसले जति लिन चाह्यो खुल्ला भण्डार छ। यस्तो खुल्ला भण्डारबाट कतिपय बच्चाहरू सम्पन्न बन्छन् र कोही यथाशक्ति सम्पन्न बन्छन्। सबै भन्दा धेरै झोली भरेर दिनको लागि भोलानाथ वरदाता रूप नै हुनु हुन्छ, मात्र उहाँलाई राजी गर्ने विधि थाहा पाएमा सर्व सिद्धिहरू प्राप्त हुन्छन्। वरदातालाई एउटा शब्द सबै भन्दा प्रिय लाग्छ– एकव्रता। संकल्प, स्वप्नमा पनि दोस्रो व्रत नहोस्। वृत्तिमा रहोस् मेरो त एक, दोस्रो न कोही। जसले यो रहस्यलाई बुझ्दछन्, उनीहरूको झोली वरदानहरूले भरपुर रहन्छ।

**स्लोगन:–** मनसा र वाचा दुवै सेवा साथ-साथै गरेमा डबल फल प्राप्त भइरहन्छ।